# लिखु तामाकोशी गाउँपालिका

**स्थानीय राजपत्र**

खण्डः ७ संख्याः५ मितिः २०८०/१२/१४

भाग–२

## लिखु तामाकोशी गाउँपालिका

## मौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः**

लिखु तामाकोशी गाउँपालिका भित्र मौरीको क्षेत्र विस्तार, महको उत्पादन एवम् उत्पादकत्वमा बृद्धि गरी कृषकको जीवनस्तर उकास्न र महमा लिखु तामाकोशी गाउँपालिकालाई आत्मनिर्भर बनाउन मौरी प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले, गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**मौरी प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधि २०८०**” रहेको छ।

(२) यो कार्यविधि लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

३) यो कार्यविधि लिखु तामाकोशी गाउँपालिका भित्र लागू हुनेछ।

२. **परिभाषाः** बिषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः-

(क) "समूह” भन्नाले लिखु तामाकोशी गाउँपालिकामा प्रचलित कानून बमोजिम दर्ता भएको कृषक समूह सम्झनु पर्छ।

(ख) "सहकारी संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनु पर्दछ।

(ग) "फार्म” भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई संचालनमा रहेका फार्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(घ) "समिति "भन्नाले यस कार्यबिधिको दफा ७ बमोजिम गठित प्रस्ताब छनोट तथा मूल्याङ्कन समिति सम्झनु पर्छ।

(ङ) “शाखा” भन्नाले लिखु तामाकोशी गाउँपालिका अन्तर्गतको कृषि सम्बन्धी विषय हेर्ने शाखा सम्झनु पर्छ।

(च) “कार्यक्रम” भन्नाले मौरी प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ।

३. **कार्यक्रमको उद्देश्यः** मौरी प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछः

(क) आधुनिक प्रबिधिको प्रयोगबाट मौरी पालनको क्षेत्रफल विस्तार तथा सुदृढिकरणद्वारा महको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने।

(ख) गाउँपालिकामा महको आयात प्रतिस्थापन वृद्धि गरी आत्मनिर्भर बनाउने।

(ग) मौरीपालनमा कृषि व्यबसायी, कृषि फार्म, कृषक समूह र कृषि सहकारीहरुलाई आकर्षित गर्ने।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन सम्वन्धी व्यवस्था

**४.प्रस्ताव आव्हान गर्ने :**१) गाउँकार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनको क्रममा मौरीपालक किसान व्यबसायी, कृषि फार्म, कृषक समूह र सहकारीहरुबाट माग संकलन गर्नका लागि बढिमा १५ दिने सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान गर्न अनुसूची १ बमोजिमको ढाँचा प्रयोग गरिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव पेश गर्नुपर्ने अवधिभरमा आवश्यक प्रस्ताव तथा आवेदन पर्न नआएमा म्याद थप गरी सूचना पुनःप्रकाशन गर्न बाधा पर्ने छैन।

**५. प्रस्ताव पेश गर्नेः**

(१) दफा ४ बमोजिम प्रस्ताव आव्हान भएपछि इच्छुक कृषक समूह, फर्म वा सहकारीले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन फाराम र अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा तोकिएको अवधिभित्र आवेदन शाखामा पेश गर्नु पर्नेछ।

(२) प्रचलित कानून बमोजिम लिखु तामाकोशी गाउँपालिकामा दर्ता/सूचिकृत भई क्रियाशिल रुपमा सञ्चालनमा रहेका कृषि फर्म वा कृषक समूह सहकारीले व्यबसायिक मौरीपालनका लागि प्रस्ताब पेश गर्न सक्नेछन्।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा कृषक\फर्मको हकमा १० घार र समुह वा सहकारीको हकमा कम्तीमा ५०-१०० घार सेट मौरी पालन गर्ने योजना सहितको प्रस्ताव पेश गर्नु पर्नेछ।

**६. शाखा जिम्मेवार हुनेः** कार्यक्रम सञ्चालनका लागि प्रमुख जिम्मेवारी कृषि शाखाको रहनेछ

**७. प्रस्ताब मूल्याङ्कन तथा छनोट समिति रहनेः**

(१) तोकिएको समय सिमा भित्र विधिवत रुपमा पेश हुन आएका प्रस्ताबहरुको मूल्यांकन गरी कृषि फार्म समुह तथा सहकारीको छनोट गर्नका लागि देहायबमोजिमको प्रस्ताव मूल्यांकन तथा छनोट समिति रहनेछः

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) योजना तथा अनुगमन शाखा | सदस्य |
| (घ) कृषि प्राविधिक | सदस्य |
| (ङ) कृषि/पशुपन्छि शाखा प्रमुख | सदस्य सचिव |

(२) आवश्यकता अनुसार समिति सदस्य थपघट गर्न सकिने छ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) रितपूर्वक पर्न आएका आवेदनहरुको जाँचबुझ गर्ने।

(ख) आवेदनसाथ पेश भएका प्रस्तावको मूल्यांकन गर्ने।

(ग) आवेदन पेश गर्ने आवेदक किसान फर्म,समुह तथा सहकारीको निरीक्षण तथा अनुगमन गर्ने, गराउने।

(घ) आवेदन, प्रस्ताव र निरीक्षण एवम् अनुगमन समेतका आधारमा कार्यक्रम सञ्चालनका लागि किसान\कृषि फार्म, समुह तथा सहकारी छनोट गर्ने ।

**८. प्रस्ताव मुल्याङ्कन छनोट र सम्झौता प्रक्रियाः** (१) प्रचलित कानून बमोजिम रितपूर्वक दर्ता भएका प्रस्तावहरु दफा ७ को उपदफा (१) बमोजिमको समितिबाट मूल्याङ्कन हुनेछ ।

(२) उपदफा १ बमोजिम प्रस्तावको प्रारम्भिक मुल्याङ्कन गर्दा आबेदनसाथ संलग्न गरिएका कागजातहरु भएका प्रस्ताबहरुको मात्र स्थलगत निरीक्षण र थप मुल्याङ्कनका लागि योग्य मानिने छ ।

(३)अनुगमनको क्रममा प्रस्ताबमा पेश गरिएको बिवरण झुटो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको देखिएमा त्यस्ता प्रस्तावलाई अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मात्र मूल्याङ्कन गरिनेछ।

**९. कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराइनेः**

(१) कार्यक्रम सञ्चालनका लागि मौरी घार तथा मौरी गोला सहितको मौरी घार सेट, सुरक्षा उपकरण, तालिम, प्रविधि प्रदर्शनी मौरी चरण क्षेत्र विस्तार तथा मागमा आधारित कार्यक्रमका लागि गाउँपालिकाले ५० प्रतिशत अनुदान उपलब्ध गराउनेछ ।

(२) कार्य अवस्था र आवश्यकता अनुसार व्यवसायिक रुपमा मौरी पालन गरिरहेका कृषि फार्म/ समुहहरुलाई व्यबसाय बिस्तारका लागि प्रोत्साहन गरिने छ ।

## परिच्छेद -३

## सम्झौता र अनुदान प्रबाह प्रकिया

**१०. लागत इस्टिमेट र सम्झौता :**

१प्रस्ताब छनोट पश्चात फर्म समुह वा सहाकारीले प्रस्ताव अनुसार सम्बन्धित विषयको प्राबिधिक मार्फत स्थलगत सर्वेक्षण गराएर लागत इस्टिमेट तयार गरी स्वीकृतिको लागि शाखामा पेश गर्नुपर्नेछ ।

२.स्वीकृत इस्टिमेटको आधारमा गाउँकार्यपालिकाको कार्यालय र फार्म समुह वा सहकारी बिच अनुसुची-५ बमोजिमको सम्भौता गरिनेछ ।

३.कृषि फार्म समुह वा सहकारीले कार्यक्रम स्थलमा लागत सहभागिता रकम खुलेको होडिङ्ग बोर्ड सर्बसाधरणले देख्नेगरी राख्नु पर्नेछ ।

४.लागत इस्टिमेट तयार गर्दा कन्टीजेन्सी वापतको रकम नियमानुसार लाग्नेछ।

**११. खर्च सम्बन्धी ब्यबस्था :**

(१) कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने अनुदान रकम तथा खर्च यस कार्यबिधिमा तोकिएबमोजिम हुनेछ ।

(२)कृषक कृषि फार्म समुह वा सहकारीलाई कामको प्रगति अनुसार कार्य सम्पन्नता पश्चात सम्झौता बमोजिम अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

(३) एक प्रस्तावकलाई प्रस्ताबित योजना र क्षेत्रफल अनुसार स्वीकृत लागत अनुमानको आधारमा ५० प्रतिशत वा अधिकतम रु.२ लाख अनुदान रकम उपलब्ध गराइनेछ ।साथै कार्य प्रगतिको आधारमा अनुदान रकम थपघट समेत गर्न सकिने छ।

## परिच्छेद-४

## अनुगमन तथा बिबिध

**१२. अनुगमन र मुल्याङ्कनः** (१) कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने मुख्य जिम्मेवारी समितिको हुनेछ।

२) उपदफा (१) को अतिरिक्त लिखु तामाकोशी गाउँकार्यपालिकाको कार्यालय र शाखाबाट समेत अनुगमन तथा निरीक्षण कार्य गरिनेछ।

**१३. बिमा** : मौरी पालन व्यबसायको सम्भाब्यताको आधारमा बिमा गराउनु पर्नेछ।

**१४. प्रचलित कानून बमोजिम हुने:** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यबिधिमा उल्लेख भएका विषयहरुको हकमा यसै बमोजिम र कार्यबिधिमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१५. संशोधन गर्न सकिने:** यस कार्यविधिमा कुनै हेरफेर वा थपघट गर्नु परेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**१६. खारेजी र बचाउः** (१) मौरी प्रबर्द्धन कार्यक्रम सम्बन्धमा यस अघि भएका कार्यक्रमहरु यसै बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची-१**

**मौरी विकास कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा**

**(दफा ५ को उपदफा १ सँग सम्बन्धित)**

**सूचना । सूचना ।। सूचना ।।।**

यस कार्यालयको आ.व. २०..... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकहरुलाई मौरी विकासको माध्यमबाट स्वरोजगार प्रवर्द्धन तथा कृषकहरुको आर्थिक विकास गर्ने उद्देश्यले "**मौरी विकास कार्यक्रम**" रहेको हुँदा इच्छुक कृषक समूह/सहकारी/फार्म/कम्पनीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनुहुन अनुरोध छ। पुनश्च: आवेदन साथ तपसिल अनुसारका कागजातहरु संम्लग्न राख्न समेत यसै सुचनाद्वारा सुचित गरिन्छ ।

**तपशिलः**

१. अनुसूचि २ अनुसारको आवेदन फारम ।

२. अनुसूचि ३ अनुसारको संक्षिप्त कार्ययोजना ।

३. फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारीको दर्ता प्रमाणपत्रको छाँयाप्रती (गत आ.व सम्म दर्ता भएको हुनुपर्ने र नियमानुसार नविकरण समेत भएको हुनुपर्ने)।

४. फर्म, कम्पनी, वा कृषि सहकारीको गत आ.व सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी। (नियमानुसार कर चुक्ताको लागि म्याद थप भएकोमा सो को प्रतिलिपी, अडिट रिपोर्ट र कर दाखिला गरेको रसिद वा अन्य रसिद मान्य हुने छैन।)

५. कार्यक्रम संचालनका लागि कृषक/फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारीको जिम्मेवार व्यक्ति तोकिएको निर्णयको छायाप्रती र जिम्मेवार व्यक्तिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

६. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि ।

७. अन्य प्रमाणित प्रमाणपत्रहरु (मौरी सम्बन्धि तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपीहरु ।

८. वडा कार्यलयको सिफारिस पत्र।

१०. प्रस्तावक तर्फको लगानी सुनिश्चितताका लागि स्वलगानीमा गर्ने भए बैंक स्टेटमेन्ट वा वैक ग्यारेन्टी।

**अनुसूची – २**
**(दफा ५ को उपदफा २सँग सम्बन्धित)**
**मौरी विकास कार्यक्रमको अनुदान सहयोग प्राप्त गर्नका लागि दिईने आवेदन-पत्र**

श्री कार्यालय प्रमुख ज्यू,
लिखु तामाकोशी गाउँपालिकाको कार्यलय
धोबि बजार, रामेछाप।

**विषयः "मौरी विकास कार्यक्रम" कृषि अनुदान सहयोग कार्यक्रम सम्बन्धमा।**

महोदय,
म/हामीलाई उक्त अनुदान सहयोग प्राप्त गरि कार्य गर्न ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु/गर्दछौ। मैले हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित स्थानिय तह भित्रै रही कार्य गर्नेछु/ गर्नेछौ। पुनश्च तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ सलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौ।
तपशिल:
१.
२.
३.
४.
५.
६.

निवेदकको
नाम:
दस्तखत:

अनुसूची – ३

(दफा ५ को उपदफा २सँग सम्बन्धित)

मौरी प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को अवधारणाको संक्षिप्त कार्ययोजना

आवेदकको नाम:
आवेदकको किसिमः (कृषक\निजी फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी)
सदस्य संख्या.........
ठेगाना गाउँ/टोल..........................................बार्ड न..............गा.पा…………………………………
जिल्ला प्रदेश नं.
सस्था दर्ताको मितिः दर्ता गरेको कार्यालय:
मौरीपालन व्यावसाय शुरु गरेको मिति: स्थान
व्यावसाय सन्चालन गरेको क्षेत्रफल (कट्टा/रोपनी/हेक्टर)

| क्र.स | विवरणहरु | बर्तमान अवस्था |
|---|---|---|
| १ | मौरी व्यावसायमा संलग्न भएको भए व्यावसायको किसिम र वार्षिक परिमाण<br>• मह/कुट/परारा/मैन आदि उत्पादन<br>• घार, महदानी, आधार का आदि औजार उपकरणहरु<br>• रानु उत्पादन<br>• बजारीकरणमा टेवा (प्याकेजिङ, लेबलिङ आदि।) | |
| २ | प्राविधिक ज्ञान, अनुभव र क्षमता<br>• निजी फर्म कम्पनी । कृषक समूह/कृषि सहकारीको प्रमुखको शैक्षिक योग्यताको प्रमाण-पत्रको छायाप्रति समेत संलग्न गर्ने ।<br>• निजी फर्म कम्पनी कृषक समूह कृषि सहकारीमा मौरी सम्बन्धी तालिम प्राप्त जनशक्ति भए नभएको(तालिमको प्रमाण पत्र प्रतिलिपि।<br>• कृषक\निजी फर्म/कम्पनी / कृषक समूह/कृषि सहकारी विगतमा मौरी पालनमा संलग्न भएको वा नभएको (भए कति वर्ष) | |
| ३ | **अनुदान माग गरेको क्रियाकलाप र रकम**<br>• मह उत्पादन (मौरी घारको माग परिमाण तथा चरन क्षेत्रको उपलब्धता सहित)<br>• प्रशोधनका उपकरणहरु (मह/कुट/पराग/मैन)<br>• बजारीकरण प्रवर्द्धन | |

| | | |
|---|---|---|
| | • माथिका सबै | |
| ४ | **व्यावसाय** संग सम्बन्धित भौतिक संरचना (सड़क, बिजुली, पानी। को व्यवस्था भएको<br>• आयोजना स्थल सम्म मोटरबाटो पुगेको भए बाटो पुगेको किसिम (कच्ची, पक्कि, सिजनल।)<br>• आयोजना स्थलमा प्रशोधनको लागि विजुलीको निरन्तर उपलब्धता।<br>• मौरी गोला सहितको आधुनिक घार भएको (प्रोवनको सामाग्री माग गरेको हकमा।<br>• सफा र स्वच्छ पानीको श्रोतको उपलब्धता। | |
| ५ | **परियोजना लगानीमा साझेदारी (ने.रु.)**<br>• स्थानिय तह तर्फबाट<br>• ( निजी फर्म/कम्पनी कृषक समूह कृषि सहकारी को तर्फबाट | |
| ६ | **लगानीको श्रोतको आधारको प्रमाण**<br>• निजी फर्म/कम्पनी / कृषक समूह/कृषि सहकारी सर्पाको लागानी बैंकबाट ऋण लिई गर्ने भए बैंकको पत्र संलग्न भएको (ऋण स्विकृतिको प्रमाण पत्रको प्रतिलिपी।<br>• निजी फर्म/कम्पनी / कृषक समूह/कृषि सहकारीको स्व-आम्दानी आट लगानी गर्ने भए कार्ययोजनानुसार अनुदान ग्राहीको लगानी सुनिश्चित हुने प्रयाप्त प्रमाण संम्लग्न भएको (बैंक खाताको स्टेटमेन्ट)<br>• बैंक बाट ऋण लिई तथा निजी फर्म, कम्पनी,कृषक समूह, कृषि सहकारीको स्व-आम्दानी दुवै श्रोतबाट लगानी गर्ने भए बैंकको पत्र तथा अनुदानग्राहीको लगानी सुनिश्चित हुने प्रयाप्त प्रमाण संलग्न भएको ( ऋण स्विकृतिको प्रमाण पत्रको प्रतिलिपी र बैंक खाताको स्टेटमेन्ट।) | |
| ७ | **व्यावसायबाट लाभान्वित कृषक / स्थानिय संख्या (पुष्ट्याई सहित)**<br>**रोजगारी श्रजना**<br>• पूर्ण रोजगारी संख्या (Full Time Job)<br>• अर्ध रोजगारी संख्या (Part Time Job) | |
| ८ | **व्यावसायीक योजना** | |

| | | |
|---|---|---|
| | • अनुदान माग गरिएका कृयाकलापहरुको औचित्यताको पुष्ट्याई सहित पेश गर्नु पर्नेछ।<br>• प्रस्तावित कार्ययोजना, माथि उल्लेखित विवरण अनुसार पेश भएको (अनुदान माग)<br>• अनुदानको माग गरिएका कृयाकलापहरु सम्पन्न गर्न श्रोत केन्द्रको विवरण | |
| ९ | **प्रस्ताचना दिगोपन**<br>• आगामी ३ वर्षमा व्यावसायको विस्तार योजना<br>• विस्तारको योजना पेश गर्दा पुष्ट्याई सहित पेश गर्नुपर्ने।<br>• योजना विस्तारको लागि आर्थिक श्रोत। | |
| १० | बहुपक्षीय लगानीमा सम्पन्न हुने कार्यक्रमको हकमा लगानी गर्ने निकायहरु/कार्ययोजना र लगानी गर्ने रकम सम्बन्धि विवरण | |

नोटः प्रस्तावित आयोजना स्थल सम्म पुग्नको लागि नजिकको चिर परिचित ठाँउ सम्मको नक्सा समावेश गर्नुहोला र औजार उपकरणहरुको हकमा कोटेसन (दर-भाउ) पत्र अनिवार्य रुपमा पेश गर्नु होला।

सहि गर्नेको नाम: संस्थाको छाप(संस्थाको हक):

पद: मिति:

दस्तखत:

अनुसूची – ४
(दफा ९सँग सम्बन्धित)
कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता-पत्र

लिखु तामाकोशी गाउँपालिका कृषि विकास शाखा मार्फत सञ्चालन गरिने आ.व. ..............................को स्विकृत मौरी विकास कार्यक् सञ्चालन गर्न ...........................................................कार्यालय( यस भन्दा पछाडि पहिलो पक्ष भनिने ) विशिष्ठताका आधारमा छनौट भएका.................................................................. (यस भन्दा पछि दोश्रो पक्ष भनिने) विच तपशिलका सर्तमानहरु गरि गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता /सहमति भएको छ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत अनुदान सम्झौता बमोजिम चेकबाट कार्यक्रम सम्पन्न भएपछि मात्र उपलब्ध गराउने छ।

२.दोस्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक लागत इस्टिमेट प्राप्त गरि आफुले आवेदन गरे अनुसारको ................................................................व्यवसाय संचालन गर्नेछ।

३. पहिलो पक्ष/ कृषि विकास शाखाले समय सापेक्ष नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन। .

४.यो सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृति प्रकोप भविस्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयम आफै हुनेछ। ५. ५.यस सम्झौतामा उल्लेख भन्दा अन्य व्यहोराको हक मा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

६. प्राविधिक प्रतिवेदन र मुल्याङ्कनको आधारमा भुक्तानी दिइनेछ ।

७. सम्झौता अनुसारको कार्य नगरे\नगराएमा सो बराबरको अनुदान रकम पहिलो पक्षको वैंक खातामा जम्मा गर्नुपर्नेछ ।

| | |
|---|---|
| पहिलो पक्ष | दोस्रो पक्ष |
| कार्यालयको तर्फ | फर्म /कृषक समुह/कृषि सहकारीको तर्फ |
| नाम | नाम: |
| पद | पद: |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| कार्यलयको छाप | संस्थाको छाप: |
| सम्पर्क नं. | सम्पर्क नं.: |
| **साक्षीहरु** | **साक्षीहरु** |

**मौरी विकास कार्यक्रममा पेश भएका**
**प्रस्ताव मूल्याङ्कन फारम**

आवेदकको नामः
ठेगानाः
सम्पर्क व्यक्तिः
सम्पर्क नं.

| **क्र.स.** | **विवरण** | **अङ्क** | **जम्मा अंक** | **प्राप्त अङ्क** |
|---|---|---|---|---|
| १. | आवश्यक कागजातहरूको संलग्नता | ५ | ५ | |
| २. | प्राविधिक ज्ञान, अनुभव र क्षमता<br>तालिम प्राप्त जनशक्ति भए/ नभएको<br>(तालिमको प्रमाण पत्र प्रतिलिपि) | १० | १० | |
| ३. | मौरी व्यावसायमा संलग्नता<br>विगतमा मौरी पालनमा संलग्न भएको वा नभएको (भए कति वर्ष)<br>१. बिगत दुई बर्ष देखी पाल्दै आएको<br>२. बिगत ५ बर्ष देखी पाल्दै आएको | ५<br>१० | १५ | |
| ४. | भौतिक संरचना (सड़क, बिजुली, पानी। को व्यवस्था भएको<br>• आयोजना स्थल सम्म मोटरबाटो पुगेको भए बाटो पुगेको किसिम (कच्ची, पक्कि, सिजनल।)<br>• आयोजना स्थलमा प्रशोधनको लागि विजुलीको निरन्तर उपलब्धता।<br>• मौरी गोला सहितको आधुनिक घार भएको (प्रोवनको सामाग्री माग गरेको हकमा।<br>• सफा र स्वच्छ पानीको श्रोतको उपलब्धता | ५<br>५<br>५<br>५ | २० | |

**पेश भएका कागजातहरूः**

**मूल्याङ्कन गर्ने पदाधिकारीहरूः**

| क्र.स. | पदाधिकारीहरूको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | | | |

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०८०/१२/१४ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण नियमावली (कार्यविधि), २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

(विनोद कुमार अधिकारी(

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०/१२/१४